# चिङ्गाड गाउँपालिका

**अवलचिङ्ग,सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

**खण्डः ८** **संख्याः ९**


प्रमाणीकरण मितिः २०८१।११।११
राजपत्रमा प्रकासित मितिः २०८१।११।११


## चिङ्गाड गाउँपालिका प्राथमिक स्वास्थ्य केन्द्र / अस्पतालको प्रोत्साहन भत्ता सम्वन्धि कार्यबिधि, २०८१

# चिङ्गाड गाउँपालिका प्राथमिक स्वास्थ्य केन्द्र / अस्पतालको प्रोत्साहन भत्ता सम्वन्धि कार्यबिधि, २०८१

चिङ्गाड गाउँपालिका मातहत संचालित प्राथमिक स्वास्थ्य केन्द्र अवलचिङ्गमा दिईने स्वास्थ्य सेवालाई गुणस्तरिय, प्रभावकारी एवं उपलब्धिमुलक बनाउन र मेडिकल अधिकृत डाक्टरको मनोबल बढाई सेवा प्रवाहमा थप जिमेवारीका साथ चिकित्सकिय सेवा प्रदान गर्न मेडिकल अधिकृत डाक्टरलाई प्रोत्साहन भत्ता उपलब्ध गराउन बान्छनिय भएकाले प्राथमिक स्वास्थ्य केन्द्र / अस्पतालको प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन २०७९ को दफा (४) ले दिएको अधिकार प्रयोग गरि चिङ्गाड गाउँपालिकाको कार्यपालिका बैठकले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम प्राथमिक स्वास्थ्य केन्द्र / अस्पतालको प्रोत्साहन भत्ता सम्वन्धि कार्यबिधि २०८१ रहेको छ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) प्राथमिक स्वास्थ्य केन्द्र / अस्पताल भन्नाले अवलचिङ्ग प्राथमिक स्वास्थ्य केन्द्र सम्झनु पर्छ ।

(ख) प्रोत्साहन भत्ता भन्नाले प्राथमिक स्वास्थ्य केन्द्र / अस्पतालमा कार्यरत MBBS डाक्टरलाई चिकित्सकलाई प्रोत्साहन गर्न प्रदान गरिने तलब बाहेकको अतिरिक्त सुबिधा सम्झनु पर्छ ।

(ग) मन्त्रालय भन्नाले संघिय वा प्रदेशको स्वास्थ्य बिषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(घ) व्यवस्थापन समिति भन्नाले प्राथमिक स्वास्थ्य केन्द्र / अस्पतालको संचालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ङ) प्रमुख भन्नाले प्राथमिक स्वास्थ्य केन्द्र / अस्पतालको प्रमुखलाई सम्झनु पर्छ ।

(च) कार्यपालिका भन्नाले चिङ्गाड गाउँपालिकाको कार्यपलिकालाई सम्झनु पर्छ ।

(छ) दर्तावाला चिकित्सक भन्नाले नेपाल मेडिकल काउन्सिलमा दर्तावाला चिकित्सकरुपमा दर्ता भई प्राथमिक स्वास्थ्य केन्द्र / अस्पतालमा कार्यरत दर्तावाला चिकित्सक सम्झनु पर्छ :-

(१) स्वास्थ्य सेवाको अधिकृत तहमा स्थायी पदमा कार्यरत दर्तावाला चिकित्सक,
(२) चिकित्साशास्त्र विषयमा MBBS वा सो सरह वा सो भन्दा माथिको मेडिकल डिग्री हासिल गरि स्वास्थ्य सेवाको अधिकृत स्तरको पदमा कार्यरत दर्तावाला चिकित्सक,
(३) चिकित्साशास्त्र विषयमा MBBS  वा सो भन्दा माथिको डिग्री हासिल गरि स्वास्थ्य सेवाको अधिकृत स्तरको पदमा कार्यरत दर्तावाला चिकित्सक
(४) नेपाल सरकारको छात्रवृतिमा चिकित्साशास्त्र अन्तर्गत MBBS वा सो सरहको अध्ययन पुरा गरि प्रचलित नियम बमोजिम छात्रवृति करारमा कार्यरत दर्तावाला चिकित्सक

**३. प्रोत्साहन भत्ता उपलब्ध गराईने :** (१) प्राथमिक स्वास्थ्य केन्द्र / अस्पतालको आवश्यकताको आधारमा MBBS डाक्टरले सेवा प्रदान गर्ने कार्यरत MBBS डाक्टरलाई मासिक तलब भत्ता बाहेक प्रति MBBS डाक्टर मासिक खाईपाई आएको तलबको ५०% सम्म प्रोत्साहन भत्ता उपलब्ध गराइने छ ।

(२.) उपदफा (१) बमोजिमको प्रोत्साहन भत्ता उपलब्ध गराउँदा तोकियको प्रोत्साहन भत्ताको रकमलाई शातप्रतिशत मानि अस्पतालमा हाजिर भई डयुटी रोष्टर अनुसार कामकाज गरेका आधारमा देहाय बमोजिम प्रोतसाहन भत्ता उपलब्ध गराईने छ ।

(क) महिनाको तिस कार्यदिन कामकाज गरेका MBBS डाक्टरलाई शत प्रतिसत भत्ता उपलब्ध गराइने ।

(ख) तीस कार्यदिन भन्दा कम दिन कामकाज गरेकोमा प्रतिदिन तीन दशमलब पाँच प्रतिसतका दरले कट्टा गरेर बाँकी रकम उपलब्ध गराइने ।

(ग) पन्ध्र कार्यदिन भन्दा कम कार्यदिनको कामकाजको अतिरिक्त प्रोत्साहन भत्ता उपलब्ध गराइने छैन ।

(४) दोहोरो पर्ने गरि भुक्तानी गर्न नहुने : (१) यस कार्यविधि बमोजिम प्रोत्साहन भत्ता भुक्तानी गर्दा MBBS डाक्टरले खाइपाइ आइरहेको भत्ता सँग दोहोरो नपर्ने गरी भुक्तानी दिनु पर्नेछ ।

(२) दफा ३ बमोजिम प्रोत्साहन भत्ता प्रदान गर्दा MBBS डाक्टरलाई प्राथमिक स्वास्थ्य केन्द्र / अस्पतालमा व्यवस्थापन समिति मार्फत हाल प्रदान गरिदै आइएको भत्ता वा अन्य सुविधाको रकम भुक्तानि गर्दा बाधा पर्ने छैन ।

(३) उपदफा (२) बमोजिम भत्ता समायोजन गर्दा व्यवस्थापन समिति मार्फत हाल खाईपाई आएको भत्ता वा अन्य सुविधाको रकम यस कार्यविधिमा तोकियको प्रोत्साहन भत्ता प्रतिसतले हुन आउने रकम भन्दा कम भएमा उक्त कम भएको रकम प्रोत्साहन भत्ता स्वरुप थप गरि प्रदान गरिनेछ ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखीएको भएतापनि व्यवस्थापन समिति मार्फत हाल खाइपाइ आएको भत्ता वा अन्य सुविधा रकम यस कार्यविधिमा तोकिएको प्रोत्साहन भत्ता प्रतिसतले हुन आउने रकम भन्दा बढी भएमा उक्त खाइपाइ आएको रकम नै MBBS डाक्टरलाई भुक्तानि गर्न बाधा पर्ने छैन ।

५. **प्रोत्साहन भत्ता भुक्तानि प्रक्रिया:** (१) प्राथमिक स्वास्थ्य केन्द्र / अस्पतालको खाताबाटै नियमानुसार करकट्टि गरी प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

(२) उपदफा (१) बमोजिम भुक्तानि गर्दा दफा ३ बमोजिमको आधारमा प्राथमिक स्वास्थ्य केन्द्र / अस्पतालको लागी सम्बन्धित शीर्षक वा मिल्दो शीर्षकमा विनियोजितल भएको रकमबाट MBBS डाक्टरलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) प्रोत्साहन भत्ता भुक्तानि प्रयोजनकालागी MBBS डाक्टरले प्राथमिक स्वास्थ्य केन्द्र / अस्पतालमा नियमित रुपमा नेपाल सरकारको नियमानुसार कार्यालय समयमा पुरा

कामकाज गरेको जनाउने हाजिर प्राथमिक स्वास्थ्य केन्द्र / अस्पतालको प्रमुखले प्रमाणित गर्नुपर्नेछ ।

(४) MBBS डाक्टरले अनुसुचि – १ बमोजिमको MBBS डाक्टरले प्रोत्साहन भत्ता प्रतिवेदन फाराम भरी प्राथमिक स्वास्थ्य केन्द्र / अस्पतालको प्रमुखले उक्त फारामहरु प्रमाणित गरी सो सगै उपदफा (३) बमोजिमको हाजिर प्रमाणित कागजात समेतका आधारमा प्राथमिक स्वास्थ्य केन्द्र / अस्पतालको आर्थिक प्रशासन शाखा मार्फत प्रोत्साहन भत्ता उपलब्ध गराउनु पर्नेछ ।

(५) लेखा र लेखा परिक्षण : कार्यविधि बमोजिम उपलव्ध गराईएको प्रोत्साहन भत्ताको लेखा जोखा परीक्षण गर्ने व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

(६) अनुगमन तथा निरिक्षण : (१) प्रोत्साहन भत्ता उपलब्ध गराएको सम्बन्धमा प्राथमिक स्वास्थ्य केन्द्र / अस्पतालको प्रमुखका वा चिङ्गाड गाउँपालिकाको प्रमुख प्रशाशकीय अधिकृत वा तोकियको अधिकृतसमेतले समय समयमा - अनुगमन तथा निरीक्षण गर्न सक्नेछन ।

(२) उपदफा (१) बमोजिमको अनुगमन तथा निरीक्षणका क्रममा झुट्टा तथा नभएको बिवरण पेश गरी सो को आधारमा अतिरिक्त भत्ता सुविधा खाएको पाइएमा प्रचलित कानुन बमोजिम कारबाहि हुनेछ ।

**६. बाधा अट्काउ फुकाउने :** यस कार्यविधिसँग सम्बन्धि बाधा अट्काउ फुकाउ परेमा कार्यपालिकाले निर्णय गरी फुकाउन सकिनेछ ।

**७. संशोधन, खारेजि र बचाउ:** (१) यस कार्यविधिलाई आवश्यक्ता अनुसार संशोधन गर्ने अधिकार कार्यपालिकामा निहित हुनेछ ।

(२) यो कार्यविधि लागुहुनु भन्दा पहिले देखी MBBS डाक्टरहरुलाई प्रदान गरियको प्रोत्साहन भत्ता यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अनुसुचि – १

(दफा ५ को उपिफा ४ संग सम्बन्धित)

चिङ्गाड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## प्राथमिक स्वास्थ्य सेवा केन्द्र अवलचिङ्ग , सुर्खेत

MBBS डाक्टहरुलाई प्रदान गरियको प्रोत्साहन भत्ता प्रतिवेदन फाराम

MBBS डाक्टरको नामः पदः तहः

बिशेषज्ञताः स्थायी/ करार/छात्रबृत्ति करार

| क्र. स. | रोगको निदान | उपचार | बिरामिको | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | भर्ना | रेफर | डिस्चार्ज | अन्य | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

तयार गर्नेः
हस्ताक्षरः
नाम थरः
पदः
तहः

प्रमाणित गर्नेः
हस्ताक्षरः
नाम थरः
पदः
तहः

आज्ञाले
मणिराम खराल
प्रमुख प्रशासकीय अधिकृत